वर्ष ५, अंक ५, भदौ



# अपराध अनुसन्धान

## मासिक ई-बुलेटिन



**नेपाल प्रहरी प्रधान कार्यालय**

**अपराध अनुसन्धान विभाग**

''वस्तुनिष्ठ अपराध अनुसन्धान मानव अधिकारको सम्मान''

# विषय सूची

**प्रमुख सल्लाहकार**
प्र.अ.म.नि. दिवेश लोहनी

**सल्लाहकार**
प्र.ना.म.नि. उमेश राज जोशी
प्र.ब.उ. चन्द्र कुवेर खापुङ

**सम्पादक मण्डल**
प्र.नि. सबिता के.सी.
प्र.ना.नि. गणेश बहादुर थिङ
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत

**संकलन**
प्र.स.नि. दुर्गा लक्ष्मी बस्नेत
प्र.ज. राजन नेपाली

**ले-आउट/ग्राफिक्स**
प्र.स.नि. भुवन तिमिल्सैना

| | |
|---|---|
| विभागीय गतिविधि | १ – ३ |
| अपराध तथ्याङ्क | ४ – ९ |
| प्रहरी सेवा प्रवाह | १० – ११ |
| खोजतलास तथा समन्वय | १२ |
| अपराध अनुसन्धानमा सहायता प्रदान | १३ – १४ |
| अपराध समाचार | १५ – १८ |
| उत्कृष्ट अनुसन्धान | १९ |

# विभागीय गतिविधि

## अपराध अनुसन्धान एवम् न्याय निरूपणमा प्रदेश, संघीय र स्थानीय तहको भूमिका उत्तिकै महत्वपूर्ण - गृहमन्त्री बालकृष्ण खाण




*काठमाडौं, ८ भदौ*

गृहमन्त्री बालकृष्ण खाणले अपराध अनुसन्धान एवम् न्याय निरूपणमा संवैधानिक कानूनी व्यवस्था अनुरुप प्रदेश, संघीय र स्थानीय तहको उत्तिकै महत्वपूर्ण भूमिका हुने बताउनुभएको छ।

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान, महाराजगञ्जमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग र काठमाडौं उपत्यका प्रहरी कार्यालय रानीपोखरीद्वारा संयुक्त रूपमा आयोजित उपत्यका स्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी २०७९ को उद्घाटन गर्दै गृहमन्त्री खाणले उक्त कुरा बताउनुभएको हो।

गृहमन्त्री खाणले पानसमा दीप प्रज्वलन गरी बिधिवत रूपमा समीक्षा गोष्ठीको उद्घाटन गर्दै बद्लिदो अपराधको स्वरूपलाई नियन्त्रण गर्न नेपाल प्रहरीले थप सतर्कता, सजगता र कर्तव्यनिष्ठ भई सक्रिय भइरहेको चर्चा गर्नुभयो। जनताको जीउ धनको रक्षा, सामाजमा शान्ति सुरक्षा तथा अपराध नियन्त्रण राज्यको प्रमुख दायित्व रहेको बताउँदै गृहमन्त्री खाणले उक्त दायित्व पुरा गर्न सुरक्षा निकायलाई अझै सवल तथ सुदृढ गर्नुका साथै स्रोत साधन एवम् क्षमता अभिवृद्धि गर्न नेपाल सरकार सदैव तयार रहेको उल्लेख गर्नुभयो।

अपराध अनुसन्धान तथा नियन्त्रणको साथै अपराधीलाई कानूनी दायरामा ल्याउन देखिएका जटिलतालाई छिटो छरितो र निष्पक्ष रूपमा सम्बोधन गर्न समीक्षा गोष्ठीमा हुने छलफल महत्वपूर्ण रहने बताउँदै गृहमन्त्री खाणले मुलुकमा शान्ति स्थापनाको कार्य गर्न तथा जनतामा नयाँ उत्साह भर्न र अपराधमा संलग्न व्यक्तिहरूलाई अपराधिक क्रियाकलापबाट पछि हट्ने अवस्था सिर्जना गर्न समेत गोष्ठीले महत्वपूर्ण निचोड एवम् निष्कर्ष निकाल्ने विश्वास व्यक्त गर्नुभयो। साथै उहाँले कोभिड-१९ को महामारी नियन्त्रणको साथै प्रकृतिक विपद्को समयमा पीडितहरूको उद्दार लगायतका गतिविधिमा नेपाल प्रहरीले अग्रपंक्तिमा खटिई निभाएको भूमिकाको प्रशंसा समेत गर्नुभयो।

कार्यक्रममा महान्यायाधिवक्ता खम्म बहादुर खातीले अपराध अनुसन्धान, अभियोजन एवम् न्याय निरूपणको साथै पीडितलाई न्याय दिलाउने सन्दर्भमा यस गोष्ठीमा हुने छलफल, विश्लेषण महत्वपूर्ण हुने चर्चा गर्दै गोष्ठीको प्रतिवेदनलाई कार्यान्वयन गर्न महान्यायाधिवक्ताको कार्यालय तत्पर रहेको बताउनुभयो। अपराध अनुसन्धान तथा नियन्त्रणमा नेपाल प्रहरीले उत्कृष्ट कार्य गर्दै आईरहेको उल्लेख गर्दै उहाँले आगामी दिनमा पनि

अपराध अनुसन्धानमा सरोकारवाला निकाय एवम् स्थानीय तहसँग सहकार्य तथा समन्वय गर्दै जानुपर्नेमा जोड दिनुभयो।

गोष्ठीमा गृह सचिव टेक नारायण पाण्डेले अपराध नियन्त्रणमा देखिएका चुनौतिहरूलाई यस गोष्ठीबाट आउनु निचोड तथा विश्लेषणहरूले आगामी दिनमा नीति निर्माण गर्न आवश्यक राय सुझाव प्राप्त हुने बताउनुभयो। बदलिदो अपराधको स्वरूपका घटनाहरूको बिश्लेषण गोष्ठीमा हुने उल्लेख गर्दै उहाँले अपराध नियन्त्रणमा सबै सुरक्षा निकायसँग सहकार्य र समन्वय हुनु पर्ने तथा अनुसन्धान गर्ने निकायको क्षमता अभिवृद्धि गर्दै लैजानुपर्नेमा जोड दिनुभयो। विमानस्थल सुरक्षालाई थप प्रभावकारी बनाउन कार्गो र विमानबाट निस्कने फोहोर मैलालाई स्क्यानर मार्फत चेकजाँच गर्न प्रहरीले समन्वयकारी भूमिका निर्वाह गर्ने उहाँले उल्लेख गर्नुभयो।

गोष्ठीमा काठमाडौं महानगरपालिकाका प्रमुख बालेन्द्र साहले अपराध अनुसन्धान एवम् नियन्त्रणका लागि महानगरभित्र सिसिटिभि क्यामेरा जडानमा नेपाल प्रहरीसँग सहकार्य गर्दै जाने बताउँदै यसले काठमाडौंमा अनाधिकृत रूपमा फालिने फोहोर मैलाको नियन्त्रणमा समेत प्रभावकारी हुने बताउनुभयो। बढ्दो साईबर क्राइम तथा अन्य अपराधका घटनाहरूलाई न्यूनिकरण गर्न सम्बन्धित निकायहरूले ईमान्दारीता पूर्वक भूमिका वहन गरेमा थप सहजता हुने विश्वास उहाँले व्यक्त गर्नुभयो।

कार्यक्रममा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले वर्तमान अवस्थामा अपराध अनुसन्धानको शिलशिलामा अनुसन्धानमा संलग्न प्रहरी कर्मचारीले भोग्नुपरेका समस्याहरू, अनुसन्धान अधिकृतको भूमिका एवम् अधिकारको प्रयोग सन्बन्धी वृहत रुपमा यस गोष्ठीमा छलफल हुने र यस छलफलबाट आउने निष्कर्ष महत्वपूर्ण हुने बताउँदै प्राप्त निष्कर्षलाई प्रतिवेदनको रूपमा तालुक गृह मन्त्रालय र महान्यायाधिवक्ताको कार्यालयमा पेश गरिने बताउनुभयो।

सो अवसरमा प्रहरी महानिरीक्षक सिंहले पीडितलाई न्याय दिलाउन तथा अपराध अनुसन्धान एवम् नियन्त्रणमा निष्पक्ष, निर्भय, निडर र निर्धक्क रूपमा प्रमाणमुखी अनुसन्धानमा संलग्न हुन अनुसन्धान अधिकृतलाई निर्देशन दिनुभयो। प्रविधिको प्रयोगमार्फत् हुने आर्थिक एवम् साइबर अपराधहरू बढिरहेको र हाल यस सम्बन्धी मुद्दा काठमाडौं जिल्ला अदालतबाट मात्र सुनुवाई हुँदै आएको बताउँदै प्रहरी महानिरीक्षक सिंहले कम्तिमा प्रादेशिक स्तरमा सुनुवाईको व्यवस्था हुनुपर्नेमा जोड दिनुभयो। फौजदारी न्यायप्रणालीका तीन पिलर अनुसन्धान, अभियोजन र न्याय निरुपणबीच आपसमा समन्वय र सहकार्य भएमा मात्र पीडितले न्याय र वास्तविक पिडकले सजाय पाउने उहाँले उल्लेख गर्नुभयो।

गोष्ठीमा काठमाडौं महानगरपालिकाका उपप्रमुख सुनिता डंगोलले महिला बालबालिका विरूद्ध हुने अपराधिक क्रियाकलापलाई नियन्त्रण गर्न काठमाडौं महानगरपालिकाका हरेक वडामा महिला सेलको स्थापनाको लागि आवश्यक कार्यबिधि तयार गरिएको उल्लेख गर्दै गोष्ठीबाट आउने निचोडहरूले अपराध नियन्त्रणमा थप टेवा पुग्ने विश्वास व्यक्त गर्नुभयो।

कार्यक्रममा अधिकांश वक्ताले बढ्दो साइबर क्राइमका घटनाहरूलाई नियन्त्रण गर्न विभिन्न जनचेतनामूलक कार्यक्रमहरू गर्नुपर्नेमा जोड दिनुभयो। अपराध अनुसन्धानमा बढेका चुनौतिहरू समाधानका लागि नयाँ-नयाँ प्रविधिको प्रयोग गर्ने, अपराध अनुसन्धान गर्ने ईकाइहरूको वर्तमान अवस्था, विद्यमान जनशक्ति तथा स्रोत र साधनहरूबीचको अधिकतम परिचालन एवं अन्तर कार्यालय समन्वयको विकास लगायतका विषयमा गोष्ठीमा छलफल तथा अन्तर्क्रिया भएको थियो।

## १ नम्बर प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी २०७९ सम्पन्न




*मोरङ, २ भदौ*

१ नम्बर प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीको प्रमुख आतिथ्यमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग र १ नम्बर प्रदेश प्रहरी कार्यालय, विराटनगरद्वारा संयुक्त रूपमा आयोजित १ नम्बर प्रदेशस्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी २०७९ विराटनगरमा सम्पन्न भएको छ।

गोष्ठीमा १ नम्बर प्रदेश सरकारका आन्तरिक मामिला तथा कानूनमन्त्री केदार कार्कीले आपराधिक प्रवृत्तिमा परिवर्तन हुँदै गइरहेको वर्तमान परिवेशमा अनुसन्धान अधिकृतको क्षमता विकास एवं प्रविधिमूलक अनुसन्धानका निमित्त स्रोत साधनको व्यवस्थापनका लागि प्रदेश मन्त्रालयले आवश्यक गृहकार्य गरिरहेको बताउँदै अपराध अनुसन्धानको क्षेत्रमा प्रदेश सरकारले जुनसुकै प्रकारको सहयोग गर्ने प्रतिबद्धता ब्यक्त गर्नुभयो। गोष्ठीलाई सम्बोधन गर्दै प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले प्रविधिको प्रयोगमार्फत् हुने अपराधहरू बढिरहेकोले यसको रोकथाम तथा नियन्त्रणमा प्रहरी स्वयम् प्रविधिमैत्री हुनुको विकल्प नरहेको बताउनुभयो । अपराध अनुसन्धानका मूख्य खम्बा अनुसन्धान, अभियोजन र न्याय निरुपणबीच आपसमा समन्वय र सहकार्य भएमा मात्र पीडितले न्याय र वास्तविक पिडकले सजाय पाउने उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले अपराध अनुसन्धानको क्षेत्रमा काम गर्ने प्रहरी कर्मचारीहरूले अझ बढी संवेदनशील भई पारदर्शी रुपमा काम गर्नुपर्नेमा जोड दिनुभयो।

गोष्ठीमा १ नम्बर प्रदेश आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव काली प्रसाद पराजुलीले अपराध अनुसन्धानमा प्रहरीले गरेका कार्यहरू प्रशंसायोग्य रहेको बताउँदै अपराध अनुसन्धान र नियन्त्रणमा सम्बद्ध सबै निकायहरू उत्तिकै जिम्मेवार हुनुपर्नेमा जोड दिनुभयो। कार्यक्रममा नेपाल प्रहरी प्रधान कार्यालय, केन्द्रीय अनुसन्धान ब्यूरोका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक उत्तमराज सुवेदीले अपराध अनुसन्धानमा देखिएका समस्याबारे जानकारी लिने र त्यस्ता समस्या समाधानमा गोष्ठीले पुलको रूपमा काम गर्ने उल्लेख गर्नुभयो।

गोष्ठीमा उच्च अदालत बिराटनगरका सह-न्यायाधिवक्ता कोषहरि निरौलाले अपराधको प्रवृत्तिमा भइरहेको परिवर्तनले प्रहरीलाई थप चुनौति थपिएकोले प्रहरीले आफूलाई सोही अनुसार तयारी अवस्थामा राख्नुपर्ने बताउनुभयो।

प्रहरी नायव महानिरीक्षक भिम प्रसाद ढकालले स्वागत मन्तव्य एवं कार्यक्रमबारे प्रकाश पार्नुभएको उक्त गोष्ठीमा १ नम्बर प्रदेश प्रहरी कार्यालय, विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरीले धन्यवाद ज्ञापन गर्नुभएको थियो । उच्च अदालत बिराटनगरका रजिष्ट्रार जितेन्द्र थपलिया र मोरङ जिल्लाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले गोष्ठीमा आ-आफ्नो मन्तव्य राख्नुभएको थियो।

अपराध अनुसन्धानमा बढेका चुनौतिहरू समाधानका लागि नयाँ-नयाँ प्रविधिको प्रयोग गर्ने, १ नम्बर प्रदेशभित्रका अपराध अनुसन्धान गर्ने ईकाइहरूको वर्तमान अवस्था, विद्यमान जनशक्ति तथा स्रोत र साधनहरूबीचको अधिकतम परिचालन एवं अन्तर कार्यालय समन्वयको विकास गर्ने उद्देश्यले प्रदेशस्तरीय अपराध अनुसन्धान गोष्ठीको आयोजना गरिएको थियो ।गोष्ठीमा जिल्लास्थित विभिन्न सुरक्षा निकायका प्रमुख, विभिन्न संघसंस्थाका प्रमुख तथा प्रतिनिधिहरू, संचारकर्मी र प्रहरी कर्मचारीहरू लगायतको उपस्थिति रहेको थियो।

## UNCOPS समिटमा सहभागी भई प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह स्वदेश फिर्ता




*काठमाडौं, २५ भदौ*

प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह संयुक्त राष्ट्रसंघको प्रधान कार्यालय न्यूयोर्कमा आयोजित तीन दिवसीय तेस्रो United Nations Chiefs of Police Summit (UNCOPS) मा नेपालको तर्फबाट सहभागी भई स्वदेश फर्कनुभएको छ।

प्रहरी महानिरीक्षक सिंहलाई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल गौचरमा प्रहरी अतिरिक्त महानिरीक्षकहरू, प्रहरी नायव महानिरीक्षकहरु लगायत वरिष्ठ प्रहरी अधिकृतहरुले हार्दिक स्वागत गर्नुभयो।

विमानस्थलमा कुराकानी गर्दै प्रहरी महानिरीक्षक सिंहले उक्त समिटमा संयुक्त राष्ट्र संघीय शान्ति मिसनहरुमा प्रहरीको भूमिकालाई अझ सशक्त बनाउन संयुक्त राष्ट्र संघका महासचिवद्वारा जारी गरिएको साझा एजेण्डा र A4P (Action for Peacekeeping)/ A4P+ को कार्यान्वयन गर्ने सन्दर्भमा विशेष छलफल भएको बताउनुभयो । नेपालको तर्फबाट अन्तर्राष्ट्रिय शान्ति, सुरक्षा र विकासका निमित्त स्पष्ट प्रतिबद्धता व्यक्त गरिएको उहाँले चर्चा गर्नुभयो। साथै उहाँले अन्य देशका प्रहरी प्रमुखहरूसँग द्विपक्षीय तथा बहुपक्षीय भेटघाटवार्ताका क्रममा यूएन मिसनमा नेपाल प्रहरीको सहभागिता र योगदानका सम्बन्धमा नेपाल प्रहरीको योगदानको अत्यन्त प्रशंसा गरिएको उल्लेख गर्नुभयो । साथै समिटको क्रममा भएका औपचारिक एवम् अनौपचारिक छलफल समेत निकै फलदायी भएको उहाँले उल्लेख गर्नुभयो।

समिटको दौरानमा नेपालको तर्फबाट प्रहरी महानिरीक्षक धिरज प्रताप सिंह र सशस्त्र प्रहरी महानिरीक्षक राजु अर्यालले संयुक्त राष्ट्र संघ अन्तर्गत Department of Peace Operations का पदाधिकारीहरुसँग भेटघाट गर्नुभएको थियो। साथै Department of Operational Support का Under Secretary General Atul Khare, Office of Rule of Law and Security Institution का Assistant Secretary General Alexandre Zouev, Police Adviser Luis Carrilho, Integrated Training Section का Mark Padersen, Selection and Recruitment Section का Ata Yenigun लगायतका व्यक्तित्वहरुसँग द्विपक्षीय भेटवार्ता समेत भएको थियो।

समिटमा छलफलको क्रममा महिला सहभागिता बृद्धि गर्ने, Nepal FPU को Pre-deployment Visit (PDV) र Assessment and Advisory Visit (AAV) को लागि UN को टोली October 2022 मा नेपाल आउने, नेतृत्व तहको लागि प्रोत्साहन गर्ने तथा प्राथमिकता दिने, नेपालको सहभागितालाई थप व्यापक बनाउन तालिम प्रशिक्षकको लागि अतिरिक्त कोटा उपलब्ध गराउने तथा प्रशिक्षण कार्यमा खटाउने र नेपालमा

UN Peacekeeping सम्बन्धी अन्तर्राष्ट्रिय तालिमहरु संचालन गर्ने लगायतका उपलब्धीहरू हासिल भएको छ । Pre-deployment Visit (PDV) पश्चात नेपालकोतर्फबाट एक एफपियू टोली आगामी जनवरीमा मालीको किडालमा परिचालन हुनेछ ।

भदौ १५ गते सुरु भई १७ गते सम्पन्न भएको उक्त समिटमा कूल १ सय ८१ देशका प्रहरी प्रमुखहरूको सहभागिता रहेको थियो । उक्त समिटमा नेपालको तर्फबाट ४ सदस्यीय टोली सहभागी भएको थियो ।

## प्रहरी अतिरिक्त महानिरीक्षक दिवेश लोहनीबाट मिसनबाट स्वदेश फिर्ता भएको टोलीलाई स्वागत



*काठमाडौं, २२ भदौ*

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभागका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक दिवेश लोहनीले संयुक्त राष्ट्र संघको अनुरोधमा शान्ति स्थापनार्थ दक्षिण सुडानस्थित अनमिस (UNMISS) मिसनमा खटिई आफ्नो एक वर्ष कार्यकाल सफलतापूर्वक सम्पन्न गरी स्वदेश फिर्ता भएको प्रहरी टोलीलाई स्वागत गर्नुभयो ।

उक्त अवसरमा प्रहरी अतिरिक्त महानिरीक्षक लोहनीले संगठनले दिएको जिम्मेवारीलाई संयुक्त राष्ट्र संघको मापदण्ड अनुरुप उच्च मनोबलका साथ प्रभावकारी रुपमा पुरा गरी स्वदेश फिर्ता भएकोमा बधाई दिनुभयो । स्वदेशमा पनि संगठनले दिएको जिम्मेवारीलाई रचनात्मक तरिकाबाट पुरा गर्न मन, वचन र कर्मले तयार रहनु पर्ने उहाँले बताउनुभयो ।

२०७८ साउन ३१ गते खटिई गई गत साउन ३१ गते स्वदेश फिर्ता भएको उक्त टोलीमा प्रहरी निरीक्षक १ जना, प्रहरी वरिष्ठ नायव निरीक्षक ८ जना, प्रहरी नायव निरीक्षक २ जना र प्रहरी सहायक निरीक्षक २ जना गरी जम्मा १३ जना प्रहरी कर्मचारीको सहभागिता रहेको थियो ।

## उपत्यका स्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी २०७९ सम्पन्न



*काठमाडौं, ८ भदौ*

राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठान महाराजगञ्जमा नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग र काठमाडौं उपत्यका प्रहरी कार्यालय, रानीपोखरीद्वारा संयुक्त रूपमा आयोजित उपत्यका स्तरीय अपराध अनुसन्धान समीक्षा गोष्ठी २०७९ सम्पन्न भएको छ ।

उक्त अवसरमा प्रहरी महानिरीक्षक धिरज प्रताप सिंहले अपराध अनुसन्धानमा भएका समस्याहरू विश्लेषण गरी सफल अपराध अनुसन्धानका लागि आवश्यक रणनीति तय गर्नु गोष्ठीको मुख्य उद्देश्य रहेको बताउनुभयो । विभिन्न जिल्लामा भएका सफल अनुसन्धानका घटना एक आपसमा आदान प्रदान हुने र त्यस्ता सफल अनुसन्धानका पद्धतिहरूलाई अन्य जिल्लामा समेत लागु गर्न उपस्थित प्रहरी कर्मचारीहरूलाई आग्रह समेत उहाँले गर्नुभयो ।

शान्ति सुरक्षा स्थापना तथा अपराध अनुसन्धान एवं नियन्त्रणमा अझ बढी सवेदनशील र निडर भएर कार्य सम्पादन गर्नुपर्ने उल्लेख गर्दै प्रहरी महानिरीक्षक सिंहले अपराध अनुसन्धानको क्षेत्रमा काम गर्न हरेक प्रहरी कर्मचारीहरूले सबै सरोकारवाला निकायसँग आवश्यक समन्वय र सहकार्य गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिनुभयो । संगठनको श्रीवृद्धि एवं संगठनको लक्ष्य तथा उद्देश्य हासिलका लागि सबै प्रहरी कर्मचारीहरू इमान्दारीताका साथ कार्यसम्पदान गर्नुपर्ने बताउँदै आउँदै गरेको प्रतिनिधि र प्रदेश सभाको निर्वाचनलाई शान्तिपूर्ण तथा भयरहित तवरमा सम्पन्न गर्न आवश्यक सुरक्षा योजनाहरू अवलम्बन गर्नुपर्ने उहाँले बताउनुभयो ।

काठमाडौं उपत्यका प्रहरी कार्यालयका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक रबिन्द्र धानुकले धन्यवाद ज्ञापन व्यक्त गर्नुभएको उक्त कार्यक्रममा केन्द्रीय अनुसन्धान व्यूरोका प्रहरी अतिरिक्त महानिरीक्षक उत्तमराज सुवेदीले अपराध अनुसन्धान सम्बन्धी बिषयमा प्रशिक्षण प्रदान गर्नुभएको थियो ।

नेपाल प्रहरी प्रधान कार्यालय, अपराध अनुसन्धान विभाग, साइबर ब्यूरो, काठमाडौं उपत्यका प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालयहरू काभ्रेपलाञ्चोक, रामेछाप, सिन्धुपाल्चोक र दोलखा, जिल्ला प्रहरी परिसरहरू काठमाडौं, भक्तपुर र ललितपुरका प्रमुख तथा प्रतिनिधिहरूले अपराध अनुसन्धान क्षेत्रको विद्यमान अवस्था, साइबर अपराधको समस्या, फैसला कार्यान्वयनको अवस्थामा, हिरासत व्यवस्थापनको अवस्थामा, समस्या र समाधानका उपायहरू, अपराधको नयाँ ट्रेन्डहरुको अवस्था, भौतिक सबुत संकलनका समस्या र समाधानका उपायहरू, पेण्डिङ केशहरूको अवस्था लगायतका विषयमा प्रस्तुतीकरण गर्नुका साथै उक्त विषयहरूमा अन्तरक्रिया एवं छलफल समेत भएको थियो ।

उपत्यकाका साथै यसअघि अपराध अनुसन्धान समिक्षा गोष्ठी सातवटै प्रदेशमा समेत सम्पन्न भएको छ । अपराध अनुसन्धानमा बढेका चुनौतिहरू समाधानका लागि नयाँ-नयाँ प्रविधिको प्रयोग गर्ने, अपराध अनुसन्धान गर्ने ईकाइहरूको वर्तमान अवस्था, विद्यमान जनशक्ति तथा स्रोत र साधनहरूबीचको अधिकतम परिचालन एवं अन्तर कार्यालय समन्वयको विकास गर्ने उद्देश्यले उक्त गोष्ठीको आयोजना गरिएको थियो ।

## बजाज सोरुमद्वारा इलेक्ट्रोनिक अटो टेम्पो हस्तान्तरण




*मोरङ, २५ भदौ*


इटहरी उपमहानगरपालिका-६ स्थित बजाज सोरुमले १ नम्बर प्रदेश प्रहरी कार्यालय बिराटनगरलाई ९ सिट क्षमताको एउटा बिद्युतिय अटो टेम्पो हस्तान्तरण गरेको छ । समुदाय-प्रहरी साझेदारी कार्यक्रमको अवधारणा अनुरुप आयोजित कार्यक्रम बीच बजाज सोरुमका प्रवन्धक प्रदिप सन्थालियाले चालक सहित ९ सिट क्षमता भएको बिद्युतीय अटो टेम्पो १ नम्बर प्रदेश प्रहरी कार्यालयका प्रमुख प्रहरी नायव महानिरीक्षक सुदिप गिरीलाई हस्तान्तरण गर्नुभएको हो । कार्यक्रममा प्रहरी नायव महानिरीक्षक गिरीले उक्त बिद्युतिय अटो टेम्पो बिशेष गरी आत्महत्या रोकथाम तथा न्यूनिकरण अभियान एवम् प्रहरी गस्ती पेट्रोलिङको लागि परिचालन हुने उल्लेख गर्नुभयो । कार्यक्रममा बजाज सोरुमका प्रवन्धक सन्थालियाले प्रहरी नागरिकको निम्ति अहोरात्र खटि रहेको चर्चा गर्दै आगामी दिनहरुमा समेत प्रहरीलाई आवश्यक सहयोग गर्दै जाने बताउनुभयो ।

# अपराध तथ्याङ्क


## काठमाडौ उपत्यका तथा प्रदेशहरुको भदौ महिनाको अपराध तथ्याङ्क प्रस्तुति





## त्रैमासिक उपत्यका तथा प्रदेशगत मुद्धा दर्ता संख्या (असार- भदौ)




## त्रैमासिक मुद्धा दर्ता र फछर्यौट संख्या (असार- भदौ)





## अपराध तंथ्याक (०७६/०७७ देखि ०७९/०८० भदौ सम्म)




## जघन्य अपराधको प्रदेशगत बिश्लेषण
**(आ.व. २०७९।०८० श्रावण देखी भदौ सम्म)**





## गम्भीर अपराधको प्रदेशगत बिश्लेषण
**(आ.व. २०७९।०८० श्रावण देखी भदौ सम्म)**




## सामान्य अपराधको प्रदेशगत बिश्लेषण
## (आ.व. २०७९।०८० श्रावण देखी भदौ सम्म)





## भदौ महिनामा घरेलु हिंसा सम्बन्धी तथ्याङ्क विश्लेषण:



## भदौ महिनामा जबरजस्ती करणी अपराधमा पीडित र अभियुक्तको सम्बन्ध विश्लेषण





## भदौ महिनामा भौगोलिक स्थानको आधारमा जबरजस्ती करणी अपराधको तथ्याङ्क:




## भदौ महिनाको अदालती फैसला कार्यान्वयन तर्फको फरार अभियुक्तको पक्राउ सम्बन्धी विवरण

| सि.नं. | प्रदेश/ उपत्यका /ब्युरोको नाम | कुल पक्राउ संख्या | कैद | असुल जरिवाना (रु.) |
|---|---|---|---|---|
| १. | काठमाडौ उपत्यका प्रहरी कार्यालय, रानीपोखरी | ४७ जना | १६ वर्ष ४ महिना २५ दिन | रु.३,६४,४३,८५०।- |
| २. | १ नं.प्रदेश प्रहरी कार्यालय, विराटनगर | १४४ जना | १२० वर्ष २० दिन | रु.१८,६१,६९३।- |
| ३. | मधेश प्रदेश प्रहरी कार्यालय, जनकपुर | २९७ जना | ९६ वर्ष ११ महिना १७ दिन | रु.६४,४४,१३१।- |
| ४. | बागमती प्रदेश प्रहरी कार्यालय, हेटौडा | ६५ जना | ६० वर्ष १० महिना २७ दिन | रु.४३,९१,५९१।- |
| ५. | गण्डकी प्रदेश प्रहरी कार्यालय, पोखरा | ७२ जना | १० वर्ष १० महिना १० दिन | रु.५३,०१,८७०।- |
| ६. | लुम्बिनी प्रदेश प्रहरी कार्यालय, दाङ, | ५९ जना | ८५ वर्ष | रु.१,४३,०८,५७७।- |
| ७. | कर्णाली प्रदेश प्रहरी कार्यालय, सुर्खेत | ८ जना | १२ वर्ष ९ महिना २० दिन | रु.१,०८,४८०।- |
| ८. | सुदूरपश्चिम प्रदेश प्रहरी कार्यालय, धनगढी | १४ जना | ११ वर्ष ३ महिना ८ दिन | रु.२,११,५००।- |
| ९. | केन्द्रीय अनुसन्धान ब्यूरो, महाराजगञ्ज | १३ जना | १० वर्ष १ महिना २६ दिन | रु.१,६५,११,५५५।- |
| | जम्मा | ६९० जना | ७१९ जना | ४२४ वर्ष ५ महिना ३ दिन |

## भदौ महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ तथा मुद्धा संख्या





## साउन र भदौ महिनाको लागूऔषध कारोवारमा संलग्न व्यक्ति पक्राउ संख्या




# प्रहरी सेवा प्रवाह

## भदौ महिनामा प्रहरी चारित्रिक प्रमाणपत्रका लागि अपराध अभिलेख चेकजाँच सम्बन्धी विवरण





## सामुदायिक प्रहरी गतिविधि

भदौ महिनामा सामुदायिक सुरक्षा महाशाखा मातहत देशभरिका समुदाय-प्रहरी साझेदार र सामुदायिक प्रहरी सेवा केन्द्रहरूद्धारा समुदाय-प्रहरी साझेदारी कार्यक्रम अन्तर्गत सञ्चालित कार्यक्रम एवम् गतिविधिहरु : (गृह प्रशासन सुधार कार्ययोजना २०७४, बुँदा नं.१२४ कार्यक्रमहरू)



# आसरा सुधार केन्द्र

## भदौ महिनाको लागुऔषध सेवनकर्ता उपचार विवरण





## भदौ महिनामा नेपालमा रहेका बिदेशी नागरिकहरुको विवरण

| सि.न. | कार्य बिबरण | संख्या |
|---|---|---|
| १ | बिदेशी नागरिकहरूको मृत्यु | नभएको। |
| २ | बिदेशी नागरिकहरूको पक्राउ | ०८ जना |
| ३ | हराएका विदेशी नागरिक | २ जना (१ जना फेला नपरेको)। |
| ४ | नेपालको बिभिन्न क्षेत्रमा ट्रेकिङ गएका बिदेशी नागरिकहरुको बिबरण | ७८३८ जना। |
| ५ | बिदेशी नागरिकहरु पक्राउ गरी थप कारवाहीका लागि अध्यागमन कार्यालय पठाईएको | नभएको। |




# खोजतलास तथा समन्वय

## भदौ महिनामा हराएका, फेला परेका तथा खोजतलास जारी बालबालिकाहरुको विवरण




## भदौ महिनामा वेवारिसे फेला परेका मध्ये पारिवारिक पूर्नमिलन, बालगृहमा रहेका बालबालिका सम्बन्धी विवरण




# अपराध अनुसन्धानमा सहायता प्रदान

## डिजिटल फरेन्सिक ल्याव

- DFL शाखाबाट भदौ महिना भित्र बिभिन्न २२ वटा मुद्दा शीर्षक (ज्यान सम्बन्धी कसूर, अपहरण तथा शरीर बन्धक, आत्महत्या दुरुत्साहन, झुण्डी मृत्यु, बिदेशी बिनिमय, मानव वेचविखन, कर्तब्य ज्यान, लिखत सम्बन्धी कसूर, सार्वजनिक अपराध, बिद्युतिय कारोबार, जबरजस्ती करणी, ठगी, आपराधिक लाभ, लिखत किर्ते, सट्टावाजी, रेडियोधर्मी पदार्थ, लागु औषध, बाल यौन दुर्व्यवहार, अभद्र ब्यवहार, मानिस बेपत्ता, चोरी, वहु विवाह) अन्तर्गत ७६ वटा मुद्दाको ३६७ वटा सबुदहरु परीक्षण गरिएको।

## दुरसंचार समन्वय शाखा

- भदौ महिनामा अपराध अनुसन्धानको सिलसिलामा प्रहरी ईकाईहरु तथा संघीय प्रहरी इकाई कार्यालयहरुबाट माग भई आएका Operational Data हरु दूरसंचार सेवा प्रदायक संस्थाहरु संग Co-ordination गरी निम्नानुसारको संख्यामा समयमै सम्बन्धित कार्यालयहरुलाई उपलब्ध गराईएको।





## नेपाल प्रहरी केन्द्रीय विधि विज्ञान प्रयोगशाला, सामाखुशी


- २०७९ /०५/०१ गते देखि ऐ भाद्र ३१ गते सम्म विभिन्न जिल्लाहरुबाट परीक्षणको लागि **६७९ केशहरु र ३६७६ नमुनाहरु** प्राप्त भएकोमा नयाँ र पुरानो पेण्डीङ केशहरु समेत गरी **७७२ केशहरु परीक्षण** गरिएको ।

- (AFIS) मा **१९७५ DATA Entry** भएको।

## केनाईन महाशाखा, महाराजगञ्ज

### भदौ महिनामा परिचालित मासिक ड्युटी संख्या





# अपराध समाचार

## कर्तव्य ज्यान सम्बन्धी

### हत्या गरेको अभियोगमा पक्राउ

*रुपन्देही, १३ भदौ*

आफ्नै बुबा ५१ वर्षीय प्रेम प्रसाद पुनको हत्या गरेको अभियोगमा देवदह नगरपालिका-१० दलदले बस्ने २७ वर्षीय दिपक पुनलाई प्रहरीले पक्राउ गरेको छ । आपसी झगडामा दिपकले आँगनबाट धकेल्दा प्रेम प्रसादको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ वडा प्रहरी कार्यालय बुटवलबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### कुटपिट गरी हत्या गरेको अभियोगमा पक्राउ

*सुर्खेत, १५ भदौ*

वीरेन्द्रनगर नगरपालिका-१० पटानटोल बस्ने २० वर्षीय रोशन जिसीको कुटपिट गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने २२ वर्षीय ओम प्रकाश सुनार लगायत ५ जनालाई प्रहरीले पक्राउ गरेको छ।

सुनार समेतका व्यक्तिहरुले कुटपिट गर्दा घाइते भएका रोशनको कर्णाली प्रदेश अस्पताल कालागाउँमा उपचारको क्रममा मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सुर्खेतबाट खटिएको प्रहरीले कुटपिटमा संलग्न उनीहरूलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी पक्राउ

झापा, १७ भदौ

कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादी झापा शिवसताक्षी नगरपालिका-८ बस्ने ३७ वर्षीय दिप्सन लावतीलाई पक्राउ गरेको छ।

कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत झापाको २०६३ असोज ३ गतेको फैसलाले जन्म कैद ठहर भएको र पुनरावेदन अदालत र सर्वोच्च अदालतबाट समेत छुट्टाछुट्टै मितिमा उक्त फैसला सदर भएको थियो। प्रतिवादी लावतीले उक्त मुद्दामा १ वर्ष ७ महिना २४ दिन कैद भुक्तान गरी सकेका थिए भने १८ वर्ष ४ महिना ६ दिन कैद भुक्तान गर्न बाँकी रही फरार रहेका उनलाई प्रदेश प्रहरी कार्यालय बिराटनगर र जिल्ला प्रहरी कार्यालय झापाबाट खटिएको संयुक्त प्रहरीले पक्राउ गरेको हो । उनलाई कैद भुक्तानको लागि कारागार कार्यालय चन्द्रगढी झापामा पठाइएको छ।

### एकै परिवारका तीन जनाको हत्या गरेको अभियोगमा पक्राउ

*उदयपुर, १८ भदौ*

बेलका नगरपालिका-७ गोवाटार बस्ने एकै परिवारका ३७ वर्षीय राज कुमार बस्नेत, उनकै श्रीमती ३३ वर्षीया सरिता बस्नेत र छोरा १२ वर्षीय सुजन बस्नेतको धारिलो हतियार खुकुरी प्रहार गरी हत्या गरेको अभियोगमा सोही ठाउँ बस्ने ४० वर्षीय नर बहादुर बस्नेतलाई प्रहरीले पक्राउ गरेको छ। सोही ठाउँस्थित दिलुटार वादिम खोलामा नर बहादुरले खुकुरी प्रहार गर्दा तीनै जनाको घटनास्थलमै मृत्यु भएको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय उदयपुर, ईलाका प्रहरी कार्यालय रामपुर ठोक्सिला र ईलाका प्रहरी कार्यालय बेल्टारबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

### आफ्नै श्रीमतीको हत्या गरेको अभियोगमा पक्राउ

*बारा, १८ भदौ*

आफ्नै श्रीमती २५ वर्षीया सहनाज खातुनको हत्या गरेको अभियोगमा महागढीमाई नगरपालिका-३ गंजभवानीपुर बस्ने २७ वर्षीय सैमोदिन अंसारीलाई प्रहरीले पक्राउ गरेको छ । सहनाजको आफ्नै घरमा शंकास्पद मृत्यु भएको भन्ने सूचना प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय बाराबाट खटिएको प्रहरीले घटनाको थप अनुसन्धान गर्ने क्रममा सैमोदिनले श्रीमतीको हत्या गरेको खुल्न आए पश्चात उनलाई पक्राउ गरेको हो। साथै सोही घटनामा संलग्न उनकै भाउजु अप्सना खातुन समेतलाई प्रहरीले पक्राउ गरेको छ । उनीहरु उपर कर्तव्य ज्यान मुद्दामा जिल्ला अदालत बाराबाट ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान भइरहेको छ।

## बैंकिङ कसूर, चोरी तथा ठगी सम्बन्धी

### बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादीहरू पक्राउ

*काठमाडौं, १ भदौ*

बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी काठमाडौं महानगरपालिका-१० बस्ने रामेछाप मन्थली नगरपालिका-७ घर भएका ३९ वर्षीय निरज बुढाथोकीलाई प्रहरीले पक्राउ गरेको छ।

उच्च अदालत पाटनको २०७७ पुस १९ गतेको फैसलाले बैंकिङ कसूर मुद्दामा ८ दिन कैद र ४२ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले काठमाडौं कोटेश्वरबाट पक्राउ गरेको हो । बुढाथोकीले सेन्चुरी बैंक लिमिटेड शाखा कार्यालय कोटेश्वर काठमाडौंमा रहेको बैंक खातामा पर्याप्त मौज्दात रकम नभएको भन्ने जानी-जानी पीडितलाई झुक्यानमा पारी दिएको चेकको रकम भुक्तान हुन नसकेको ठहर गर्दै अदालतले उक्त फैसला गरेको थियो। उनलाई फैसला कार्यान्वयनको लागि जिल्ला अदालत काठमाडौंमा पेश गरिएकोमा अदालतको आदेशले कैद भुक्तानको लागि कारागार कार्यालय डिल्लीबजार पठाइएको छ।

यसैगरी बैंकिङ कसूर मुद्दाका फरार प्रतिवादी भक्तपुर गठ्ठाघर बस्ने स्याङजा विरूवा गाउँपालिका-६ घर भएका २७ वर्षीय सन्जोग लम्साललाई प्रहरीले पक्राउ गरेको छ। उच्च अदालत पाटन ललितपुरको २०७९ गत असार ६ गतेको फैसलाले ६ लाख रुपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं नयाँबानेश्वरबाट पक्राउ गरेको हो। उनलाई जिल्ला अदालत काठमाडौंमा उपस्थित गराइएको छ।

### नक्कली पैसा दिई नगद ठगी गरेको अभियोगमा तीन जना पक्राउ

काठमाडौं, १ भदौ

काठमाडौं महानगरपालिका-२६ गोंगबु नयाँबसपार्कमा नक्कली पैसा दिई नगद १२ हजार रुपैयाँ लिइ ठगी गरेको अभियोगमा काठमाडौं गोंगबु बस्ने ३२ गुल्मी इस्मा गाउँपालिका-६ घर भएका ३२ वर्षीय लक्ष्मण कुमाल सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।

### एटिएम मेशिन तोडफोड गरी नगद चोरी गरेको अभियोगमा पक्राउ

कास्की, ५ भदौ

पोखरा महानगरपालिका-३० अर्घौ चोकस्थित एनएमबी बैंकको एटिएम तोडफोड गरी २ वटा क्यासकेट र नगद चोरी गरेको अभियोगमा नवलपरासी(पूर्व) देवचुली नगरपालिका-५ घर भई कास्की पोखरा महानगरपालिका-३० डुँडाको मुख बस्ने भेडे भन्ने २१ वर्षीय अनिस तामाङलाई प्रहरीले पक्राउ गरेको छ।

पोखरा महानगरपालिका- २७ तालचोकस्थित एनआइसी एसिया बैंकको एटिएम मेशिन तोडफोड गर्ने प्रयास गरेको तथा एनएमबी बैंकको एटिएम मेशिन फोडी साउन ३ गते बिहान नगद चोरी गरेको घटनाको अनुसन्धानको क्रममा गण्डकी प्रदेश प्रहरी कार्यालय पोखरा, नेपाल प्रहरी प्रदेश कार्यालय पोखरा, जिल्ला प्रहरी कार्यालय कास्की र ईलाका प्रहरी कार्यालय शिशुवाबाट खटिएको प्रहरीले चोरीमा संलग्न उनलाई रुपन्देही बेलहियाबाट पक्राउ गरेको हो । साथै प्रहरीले घटनामा प्रयोग भएको ग.१० प २९६३ नम्बरको मोटरसाइकल समेत बरामद गरेको छ । उक्त घटनामा चोरी भएको क्यासकेट पोखरास्थित बिचारी चौतारामा फेला परेको थियो । उनी उपर चोरी तथा डाँका सम्बन्धी कसूरमा जिल्ला अदालत कास्कीबाट ७ दिन म्याद थप गरी आवश्यक अनुसन्धान प्रकृया अगाडी बढाइएको छ ।

### दुबई पठाइदिन्छु भन्दै रकम ठगी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, १२ भदौ*

दुबई पठाइदिन्छु भन्दै नगद ३८ लाख रुपैयाँ ठगी गरेको अभियोगमा नवपलरासी(पश्चिम) प्रतापपुर गाउँपालिका-२ गोपिगञ्ज घर भई काठमाडौं गोंगबु बस्ने ५४ वर्षीय भोज बहादुर चौधरीलाई प्रहरीले पक्राउ गरेको छ ।

दुबई पुगेपछि आर्मस गार्डमा नगद १ लाख रुपैयाँ तलबमा काम लगाइदिन्छु भनी प्रलोभनमा पारी पीडितहरूबाट ३८ लाख रुपैयाँ लिई फरार रहेका चौधरीलाई काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले काठमाडौं सामाखुशीबाट पक्राउ गरेको हो ।उनलाई थप अनुसन्धान तथा कारवाहीको लागि वैदेशिक रोजगार विभाग बुद्धनगर काठमाडौंमा पठाइएको छ ।

### भन्सार छलि ल्याइएका मोबाइलहरू सहित पक्राउ

*काठमाडौं, २० भदौ*

भन्सार छलि चोरी पैठारी गरी ल्याइएका ६ थान आइफोन मोबाइलहरू सहित २ जनालाई काठमाडौं महानगरपालिका-१४ बल्खुबाट प्रहरीले पक्राउ गरेको छ । पक्राउ पर्नेहरूमा भक्तपुर सूर्यविनायक नगरपालिका-६ बस्ने २६ वर्षीय सबिन छेंगुतला र स्याङ्जा बिरूवा गाउँपालिका-४ घर भई हाल काठमाडौं ठमेल बस्ने २२ वर्षीय कृष्ण बहादुर थापा रहेका छन् ।

काठमाडौं उपत्यकाका विभिन्न स्थानहरूमा भन्सार छलि चोरी पैठारी गरी ल्याइएका मोबाइलहरू बिक्रि भइरहेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई उक्त मोबाइलहरू सहित फेला पारी पक्राउ गरेको हो । उनीहरूलाई आवश्यक कारबाहीको लागि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालय गौचरणमा पठाइएको छ ।

## यौन जन्य अपराध

### बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*काठमाडौं, २ भदौ*

म्याग्दी, ७ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बेनी नगरपालिका-४ हरियाली चोक बस्ने ४८ वर्षीय कमल घतानेलाई प्रहरीले पक्राउ गरको छ । घतानेले ती बालिकालाई गत साउन ३१ गते दिउँसो जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी सिगातातोपानीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

*झापा, ५ भदौ*

६ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा बारा जिल्ला घर भई कन्काई नगरपालिका-४ कञ्चन टोल बस्ने १९ वर्षीय सामहम्द अन्सारीलाई प्रहरीले पक्राउ गरेको छ । सामहम्दले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय सुरुङ्गाबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

*कैलाली, ७ भदौ*

११ वर्षिया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा टीकापुर नगरपालिका-७ वेलुवा बस्ने १८ वर्षीय किशोरलाई प्रहरीले पक्राउ गरेको छ । किशोरले ती बालिकालाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय टीकापुरबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो । यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

### बालयौन दुरूपयोग मुद्दाका फरार प्रतिवादी पक्राउ

*भक्तपुर, ७ भदौ*

बालयौन दुरूपयोग मुद्दाका फरार प्रतिवादी सूर्यविनायक नगरपालिका-७ किवाचोक बस्ने ५१ वर्षीय हरिकृष्ण कोजुलाई प्रहरीले पक्राउ गरेको छ । जिल्ला अदालत भक्तपुरको फैसलाले ३ महिना कैद र ५ हजार रूपैयाँ जरिवाना ठहर भई फरार रहेका उनलाई जिल्ला प्रहरी परिसर भक्तपुरबाट खटिएको प्रहरीले सूर्यविनायक नगरपालिका-७ गुण्डुचोकबाट पक्राउ गरेको हो । उनलाई फैसला कार्यान्वयनका लागि भक्तपुर जिल्ला अदालतमा पेश गरिएको छ ।

### जबरजस्ती करणी गरेको अभियोगमा पक्राउ

*झापा, २० भदौ*

१८ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा मोरङ पथरी शनिश्चरे नगरपालिका-५ बस्ने २६ वर्षीय तिर्थराज गेलाललाई प्रहरीले पक्राउ गरेको छ । गेलालले ती किशोरीलाई गतललाई फकाई जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय सुनसरीबाट खटिएको प्रहरीले उनलाई सुनसरी ईटहरी उपमहानगरपालिका-६ बाट पक्राउ गरेको हो ।यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

### जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी पक्राउ

*सुनसरी, ७ भदौ*

जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी बराहक्षेत्र नगरपालिका-५ का सुरज विश्वकर्मालाई सोही नगरपालिका-५ भरौलबाट घटनाको १८ वर्षपछि हरीले पक्राउ गरेको छ । १४ वर्षिया किशोरीलाई आफ्नै घरमा ४/५ जनाको समूहमा आएका सुरज समेतका व्यक्तिहरूले ती किशीरीलाई सामूहिक रूपमा जबरजस्ती करणी गरी फरार भएको घटनामा सर्वोच्च अदालतबाट ९ वर्ष ५ महिना १९ दिन कैद ठहर भई फरार रहेका उनलाई लुकिछिपी बसेको अवस्थामा फेला पारी प्रहरीले पक्राउ गरेको हो । उनलाई कैद भुक्तानको लागि झुम्का कारागार पठाइएको छ ।

*भक्तपुर, १७ भदौ*

जबरजस्ती करणी मुद्दाका फरार प्रतिवादी भक्तपुर नगरपालिका-११ क्वाछे बस्ने ४० बर्षीय दिपक तुल्सीब्याखोलाई प्रहरीले पक्राउ गरेको छ । जबरजस्ती करणी मुद्दामा सर्वोच्च अदालतको २०६३ माघ ८ गतेको फैसलाले ८ वर्ष कैद र आधा भाग अंश सर्वस्व गरी पीडितलाई भराई दिने फैसला भई फरार रहेका उनलाई जिल्ला प्रहरी परिसर भक्तपुरको प्रहरीले जिल्ला प्रहरी कार्यालय कास्कीको सहयोगमा पोखराबाट पक्राउ गरेको हो । उनले ६ वर्षीया बालिकालाई २०५४ मंसिर ८ गते जबरजस्ती करणी गरेको कसूरमा सर्वोच्च अदालतले उक्त फैसला गरेको थियो । उनलाई फैसला कार्यान्वयनका लागि जिल्ला अदालत भक्तपुरमा पेश गरिएको छ ।

लैंगिक हिंसा सम्बन्धी गुनासोका लागि
DIAL 100
बालबालिका सम्बन्धी 104
सामाजिक सञ्जाल
/NepalPolicePHQ
@
nepolwcsd@gmail.com
operation@nepalpolice.gov.np
तपाईंको सुरक्षा र गोपनियता हाम्रो जिम्मेवारी हो ।
Nepal Police Mobile App

# लागू औषध सम्बन्धी

## अवैध लागूऔषध ब्राउन सुगर सहित पक्राउ

*काठमाडौं, १ भदौ*

बाँके, नेपालगंज उपमहानगरपालिका-१५ जमुनाहबाट ५ ग्राम ५ सय मिलिग्राम अवैध लागूऔषध ब्राउन सुगरजस्तो देखिने पदार्थ सहित २ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरुमा सोही उपमहानगरपालिका-१३ गंगापुर बस्ने ३३ वर्षीय बिकाश सिंह र ३६ वर्षीय प्रमोद सिंह रहेका छन्। भारतबाट नेपालतर्फ आउदै गरेको भे.८ प ७०८३ नम्बरको मोटरसाइकललाई ईलाका प्रहरी कार्यालय जमुनाहबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा उनीहरुलाई उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

*झापा, ८ भदौ*

हल्दिबारी गाउँपालिका-४ जलथलबाट अवैध लागूऔषध ब्राउन सुगर जस्तो देखिने खैरो पदार्थ ७ ग्राम ९ सय २० मिलिग्राम सहित सोही ठाउँ बस्ने ३५ वर्षीय जेमिल महमदलाई प्रहरीले पक्राउ गरेको छ। लागू औषध नियन्त्रण ब्यूरो काँकडभिट्टाबाट खटिएको प्रहरीले उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो। उक्त घटनाको अनुसन्धानको क्रममा हल्दिवारी गाउँपालिका-४ बाट मे.६ प ५६१९ नम्बरको स्कुटर र नगद ७९ हजार रूपैयाँ सहित विर्तामोड नगरपालिका-५ बस्ने २५ वर्षीय अर्जुन राजवंशी र अन्य १ जनालाई प्रहरीले नियन्त्रण लिएको छ।

## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, १२ भदौ*

काठमाडौं महानगरपालिका-२१ भोटेबहालबाट अवैध लागूऔषध चरेस १ सय ७० ग्राम, पोल्यान्ड १ सय ३० ग्राम, ब्राउनसुगर ३ ग्राम, १ थान छुरी, १ थान प्लाष्टिकको पेस्तोल, १ थान डिजिटल तराजु, ४ थान घडी, २ थान मोबाईल र नगद १४ हजार ५ सय रुपैयाँ सहित सोही ठाउँ डेरा गरी बस्ने काभ्रे धुलिखेल नगरपालिका-११ घर बताउने ३३ वर्षीय अनिल श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको छ। प्रहरी वृत्त कमलपोखरीबाट खटिएको प्रहरीले श्रेष्ठलाई उनकै डेरा कोठाबाट उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

काठमाडौं महानगरपालिका-१६ म्हेपीबाट नियन्त्रित लागूऔषध डाईजेपाम ५९ एम्पुल, नुर्फिन ४० एम्पुल, फेनारगन ६० एम्पुल र नाईट्राभेट ३ सय १५ ट्याब्लेट सहित सर्लाही लालबन्दी नगरपालिका-१२ जियाजो बस्ने ३१ वर्षीय प्रभु माझि समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। विशेष सूचनाको आधारमा प्रहरी वृत्त लैनचौरबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा माझिले बोकेको झोलामा उक्त लागूऔषध फेला पारी उनीहरूलाई पक्राउ गरेको हो।

कास्की, पोखरा महानगरपालिका-७ राधाकृष्ण मार्गबाट नियन्त्रित लागूऔषध डाईजापाम ६० एम्पुल, फेनरागन ६० एम्पुल र नुरफिन ६० एम्पुल सहित सोही ठाउँ बस्ने बाँके घर भएका २९ वर्षीय बिशाल रानालाई प्रहरीले पक्राउ गरेको छ। वडा प्रहरी कार्यालय बैदामबाट खटिएको प्रहरीले रानालाई उनकै कोठाबाट उक्त परिमाणको लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

सुनसरी, धरान उपमहानगरपालिका-१५ स्थितबाट अवैध लागूऔषध गाँजा १ केजी, ट्रामोल १ हजार क्याप्सुल र स्पासपेन १ हजार ट्याबलेट सहित सोही ठाउँ बस्ने ४१ वर्षीय अमर राई लागयत ४ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले राईको कोठाबाट उक्त परिमाणको लागूऔषध सहित फेला पारी उनीहरुलाई पक्राउ गरेको हो।

यसैगरी सुनसरी, धरान उपमहानगरपालिका-१० बिशाल पथबाट नियन्त्रित लागूऔषध ट्रामोल १ हजार १ सय क्याप्सुल, स्पासपेन २ सय ५० ट्याबलेट र नगद १ लाख १३ हजार ५ सय रुपैयाँ सहित सोही उपमहानगरपालिका-१५ बस्ने २८ वर्षीय शिशिर श्रेष्ठ लगायत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनीहरुलाई उक्त लागूऔष र नगद सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## अवैध लागुऔषध गाँजा सहित पक्राउ तथा बरामद

*काठमाडौं, ९ भदौ*

मकवानपुरको भिमफेदी गाउँपालिका-२ भैसेबाट अवैध लागूऔषध गाँजा करिब २ सय ५६ केजी २८ ग्राम सहित भिमफेदी गाउँपालिका-९ महभिर बस्ने ३५ वर्षीय प्रकाश लामालाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय भिमफेदीबाट खटिएको प्रहरीले नामटारबाट हेटौंडातर्फ आउँदै गरेको ना.७ ख ३९८७ नम्बरको आईचर ट्रक जाँच गर्ने क्रममा उक्त परिमाणको लागूऔषध फेला पारी ट्रक चालक लामालाई पक्राउ गरेको हो। साथै उक्त कार्यालयबाट खटिएको प्रहरीले ना.८ ख २७१८ नम्बरको आईचर ट्रकबाट अवैध लागूऔषध गाँजा करिब ७४ केजी ९ ग्राम फेला पारी बरामद गर्नुका साथै फरार ट्रक चालकको खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

*पर्सा,*

वीरगंज महानगरपालिका-२१ परवानीपुरबाट करिब १ सय ७२ केजी अवैध लागूऔषध गाँजा सहित डब्लुबी ११ इ ९०३३ नम्बरको ट्याङ्करका चालक भारत घर भएका ४४ वर्षीय लाल बिहारी यादवलाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय पर्साबाट खटिएको प्रहरी उक्त ट्याङकरलाई जाँच गर्ने क्रममा ट्याङ्करको तेल हाल्ने भागमा लुकाई छिपाई राखिएको उक्त परिमाणको गाँजा फेला पारी उनलाई पक्राउ गरेको हो।

*रौतहट,*

गौर नगरपालिका-२ बकैया खोला किनारबाट करिब १ सय ७० किलोग्राम अवैध लागूऔषध गाँजा प्रहरीले बरामद गरेको छ। अपरिचित व्यक्तिहरूले १७ वटा पोकामा राखेर उक्त गाँजा नेपालबाट भारततर्फ लैजादै गरेको अवस्थामा अस्थाई प्रहरी पोष्ट महादेवपट्टी र सशस्त्र प्रहरी बल नेपालको बिओपी गौर रौटहटबाट खटिएको संयुक्त प्रहरी टोलीलाई देख्नासाथ सोही स्थानमा गाँजा छोडी फरार भएपछि प्रहरीले उक्त गाँजा बरामद गरेको हो। हाल फरार अपरिचित व्यक्तिहरूको प्रहरीले खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*सर्लाही,*

कौडेना गाउँपालिका-१ लक्ष्मीपुर सुखचैनाबाट अवैध लागूऔषध गाँजा करिब १ सय २२ किलोग्राम प्रहरीले बरामद गरेको छ। प्रहरी चौकी सुन्दरपुरबाट खटिएको प्रहरीलाई देख्नासाथ बा.८ च १८५३ नम्बरको कारका चालकले कार लक गरी फरार भएपछि प्रहरीले कार तलासी गर्दा उक्त गाँजा फेला पारी बरामद गरेको हो। हाल फरार कार चालकको प्रहरीले खोजी गरिरहेको छ। यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ।

मकवानपुर, हेटौंडा उपमहानगरपालिका-१० राप्तीपुल नजिकबाट ७४ किलो ७ सय ग्राम अवैध लागूऔषध गाँजा र नगद ३१ हजार ७ सय रुपैयाँ सहित नुवाकोट विदुर नगरपालिका-१३ बस्ने ३१ वर्षीय प्रकाश तामाङ समेत २ जनालाई प्रहरीले पक्राउ गरेको छ। जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरीले चितवनबाट हेटौंडातर्फ जाँदै गरेको बागमती प्रदेश ०१-०२५ च १९४२ नम्बरको गाडीलाई जाँच गर्ने क्रममा लुकाई ल्याएको उक्त गाँजा सहित फेला पारी गाडी चालक प्रकाश समेत २ जनालाई पक्राउ गरेको हो।

## अवैध लागूऔषध सहित पक्राउ

*काठमाडौं, २२ भदौ*

दक्षिणकाली नगरपालिका-५ फर्पिङबाट नियन्त्रित लागूऔषध फेनारगन ३ सय १ एम्पुल, नुर्फिन २ सय ९७ एम्पुल र डाईजेपाम ३ सय एम्पुल

सहित भारत घर भएका ३० वर्षीय कौशल पटेललाई प्रहरीले पक्राउ गरेको छ। गौरबाट काठमाडौंतर्फ आउँदै गरेको ना.१ ज ७२४५ नम्बरको टाटा सुमोलाई ईलाका प्रहरी कार्यालय फर्पिङबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा सुमोमा सवार उनलाई उक्त लागूऔषध सहित फेला पारी पक्राउ गरेको हो।

### अवैध लागुऔषध खैरो हेरोइन सहित पक्राउ तथा बरामद

*पर्सा, ८ भदौ*

वीरगंज महानगरपालिका-१६ बसपार्कबाट ४९ ग्राम अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ सहित भारत घर भएका १९ वर्षीय सोनु कुमार महतोलाई प्रहरीले पक्राउ गरेको छ। लागूऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय वीरगंजबाट खटिएको प्रहरीले उक्त पदार्थ सहित फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*काठमाडौं,२२ भदौ*

चन्द्रागिरी नगरपालिका-२ नागढुङ्गाबाट अवैध लागूऔषध खैरो हेरोइन जस्तो देखिने पदार्थ ७ ग्राम ९ सय मिलिग्राम सहित पाँचथर फालेलुङ गाउँपालिका-५ बस्ने २४ वर्षीय राकेश थाम्सुहाङलाई प्रहरीले पक्राउ गरेको छ। सिलगुडीबाट काठमाडौंतर्फ आउँदै गरेको डब्लुबी २५ के २९४० नम्बरको बसलाई प्रहरी प्रभाग नागढुङ्गाबाट खटिएको प्रहरीले जाँच गर्ने क्रममा बसमा सवार उनलाई उक्त पदार्थ सहित फेला पारी पक्राउ गरेको हो।

## अन्य अपराध

### हराएको नागरिकता दुरूपयोग गरी कम्पनी खोली ठगी गर्ने तीन जना पक्राउ

*काठमाडौं, २ भदौ*

हराएको नागरिकता दुरूपयोग गरी कम्पनी खोली ठगी गर्ने कार्यमा संलग्न रहेको अभियोगमा ३ जनालाई प्रहरीले पक्राउ गरेको छ।पक्राउ पर्नेहरूमा भक्तपुर मध्येपुर ठिमी नगरपालिकावर्षीय प्रदिप कर्मचार्य २८का सुरेश भन्ने ९-, मुगु खत्याड गाउँपालिका-घर भई काठमाडौं बुढानिलकण्ठ नगरपालिका ११-२ बस्ने २४ वर्षीय बिशाल कार्की र मुगु खत्याड गाउँपालिकावर्षीय २१का ८-रामकृष्ण रावत रहेका छन्।

जिल्ला प्रशासन कार्यालय कञ्चनपुरबाट जारी भएको एक पुरूषको हराएको सक्कल नागरिकताको दुरुपयोग गरी २०७८ मंसिर २८ गते ज्ञानेश्वरमा एभरेष्टलिंक ईन्टनेशनल एजुकेशन प्रालि नामको प्राईभेट कम्पनी दर्ता गरेको, सेञ्चुरी तथा कुमारी बैंकमा खाता खोलेको र बैदेशिक रोजगारीमा रसिया पठाई दिने प्रलोभनमा पारी पीडित व्यक्तिको नामबाटै अन्य व्यक्तिलाई ठगी गरेको भन्ने सूचनाको आधारमा काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालय मिनभवनबाट खटिएको प्रहरीले उनीहरूलाई काठमाडौंबाट पक्राउ गरेको हो। उनीहरूमध्ये प्रदिप उक्त कम्पनीको सिइओ, विशालले पीडितको नाममा बैंकमा खाता खोलेको र रामकृष्णले सहजकर्ताको भूमिका निर्वाह गरेको खुल्न आएको छ।उनीहरूलाई ठगी सम्बन्धि कसूरमा आवश्यक अनुसन्धान एवं कारवाहीको लागि जिल्ला प्रहरी परिसर काठमाडौंमा पठाइएको छ।

### संरक्षित वन्यजन्तु सालकको खपेटा जस्तो देखिने वस्तु सहित तीन जना पक्राउ

*काठमाडौं, ९ भदौ*

संरक्षित वन्यजन्तु सालकको खपेटा (आखेटोपहार) जस्तो देखिने ९ किलोग्राम तौल भएको बस्तु सहित ३ जनालाई प्रहरीले पक्राउ गरेको छ। पक्राउ पर्नेहरूमा सिन्धुपाल्चोक सुनकोशी गाउँपालिका-७ बस्ने ४९ वर्षीय गोबिन्द सिन्चुरी, काभ्रेपलाञ्चोक महाभारत गाउँपालिका-७ बस्ने २५ वर्षीय बिमान स्याङ्तान र काभ्रेपलाञ्चोक रोशी गाउँपालिका-४ बस्ने २६ वर्षीय सुरज झेडीमगर रहेका छन्। विशेष सूचनाको आधारमा केन्द्रीय अनुसन्धान ब्यूरो महाराजगंजबाट खटिएको प्रहरीले ईलाका प्रहरी कार्यालय बनेपा काभ्रेपलाञ्चोक समेतको सहयोगमा काभ्रेपलाञ्चोक बनेपा नगरपालिका-६ अट्ठाईस किलोबाट उनीहरूलाई उक्त वस्तु सहित पक्राउ गरेको हो। उनीहरूलाई आवश्यक कारवाहीका लागि डिभिजन वन कार्यालय धुलिखेल काभ्रेपलाञ्चोकमा बुझाइएको छ।

### सामाजिक सञ्जाल मार्फत् दु:ख, हैरानी दिने तथा अपमान गर्ने पक्राउ

*काठमाडौं, १५ भदौ*

सामाजिक सञ्जाल भाइबर मार्फत् नाबालिकालाई दु:ख, हैरानी तथा अपमान गरेको अभियोगमा भारत मोतिहारी चिरैया सेनवरिया घर भई काठमाडौं महानगरपालिका-६ बौद्ध बस्ने १९ वर्षीय मोहम्मद रमीज राजालाई प्रहरीले पक्राउ गरेको छ। राजाले नाबालिकाको तस्वीर ईडिट गरी बनाएको अश्लिल भिडियो भाइबर मार्फत् पठाई डर त्रास देखाई नाजायज फाईदा लिन खोजेको र उद्देश्य पुरा नहुने भएपछि उक्त भिडियो सार्वजनिक गरीदिने भनि नाबालिकालाई मानसिक यातना तथा दु:ख हैरानी दिएको खुल्न आएपश्चात उनलाई प्रहरीले पक्राउ गरेको हो।

यसैगरी सामाजिक सञ्जाल ईन्सटाग्राम तथा बिगो मार्फत् महिलालाई ब्ल्याकमेल गरी मानसिक यातना तथा दु:ख हैरानी दिएको अभियोगमा ताप्लेजुङ फुङलिङ नगरपालिका-४ घर भई काठमाडौं महानगरपालिका-६ बौद्ध भृकुटीचोक बस्ने ३२ वर्षीय जेम्स तामाङलाई प्रहरीले पक्राउ गरेको छ। ईन्सटाग्राम तथा बिगो मार्फत् ती महिलालाई विभिन्न प्रलोभन देखाई अश्लिलता प्रदर्शन गर्न बाध्य पारी सोको स्क्रिन सट लिई आर्थिक लाभका लागि सामाजिक सञ्जालमा प्रसारण गरीदेने भन्दै ब्ल्याकमेल, मानसिक यातना तथा दु:ख हैरानी दिने कार्यमा संलग्न जेम्सलाई प्रहरीले पक्राउ गरेको हो। पक्राउ परेका उनीहरू उपर विद्युतीय कारोबार ऐन, २०६३ अन्तर्गतको कसूरमा जिल्ला अदालत काठमाडौंबाट ५ दिन म्याद थप अनुमति प्राप्त गरी आवश्यक अनुसन्धान भइरहेको छ।

### विभिन्न हतियार बरामद

*दाङ,१२ भदौ*

गढवा गाउँपालिका-७ स्थित ज्योती सामुदायिक वनबाट १ थान एकनाले भरुवा बन्दुक, करिब १ सय ग्राम बारुद, ४ थान केप, १९ वटा फलामको गोली र १ सय २६ वटा फलामको छर्रा सहित राजपुर गाउँपालिका-१ बस्ने ४२ वर्षीय राम बहादुर चौधरीलाई प्रहरीले पक्राउ गरेको छ। ईलाका प्रहरी कार्यालय गढवाबाट खटिएको प्रहरीले उनलाई उक्त हातहतियार सहित फेला पारी पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*रौतहट, १३ भदौ*

गढीमाई नगरपालिका-९ बस्ने राम प्रसाद राय यादवको गोठबाट १ थान एकनाले लामो घरेलु हतियार र १ थान कट्वा पेस्तोल प्रहरीले बरामद गरेको छ। उक्त गोठमा वेवारिसे अवस्थामा उक्त हतियारहरू फेला परेको भन्ने खबर प्राप्त हुनासाथ प्रहरी चौकी बरियारपुरबाट खटिएको प्रहरीले उक्त हतियारहरू बरामद गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

*बाँके, १५ भदौ*

नरैनापुर गाउँपालिका-१ बानियागाउँ बस्ने ४५ वर्षीय छब्बी लाल केवटलाई १ थान कट्वा पेस्तोल, १ थान भरुवा बन्दुक, १ सय ग्राम बारूद, ५ सय ग्राम सिसा, फलामको गोली र ९ थान पटाका सहित प्रहरीले पक्राउ गरेको छ। उनको घरमा अवैध हातहतियार लुकाई राखेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय भगवानपुरबाट खटिएको प्रहरीले घर तलासी गर्ने क्रममा उक्त हातहतियार फेला पारी उनलाई पक्राउ गरेको हो।प्रहरीले यस सम्बन्धमा आवश्यक अनुसन्धान गरिरहेको छ।

# उत्कृष्ट अनुसन्धान

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।०५।०१ गते अ. ११:१५ बजेको समयमा जिल्ला बागलुङ निसिखोला गा.पा.०४ कालीमाटी स्थित निसिखोलाको किनारमा जिल्ला बागलुङ निसीखोला गा.पा.५ कामीडाडा बस्ने गुन बहादुर कामीको छोरा बर्ष अं.२५ को फर्से भन्ने तुल बहादुर बि.क. लाई ऐ.ऐ. बस्ने निजकै श्रीमती कुमारी कामीले मिति २०७९।०४।२५ गते राती काठको दाउरोले टाउकोमा हानी ढलेपछि फलामको घनले हानी मरी सकेपछि आधा घाँटी रेटी डोकोमा राखी बोकी ऐ. स्थितमा रहेको मधुवाङ झोलुङ्गे पुलको खोलामा लगी टाउको घाँटीबाट छिनाई मृतकको शव र डोको समेत सोही खोलामा बगाई कर्तव्य गरेको भन्ने व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको आदेशले प्रतिवादी कुमारी कामीलाई पुर्पक्षको लागि कारागार थुनामा पठाएको र अर्को प्रतिवादीलाई निजको अविभावकको जिम्मा दिई छाडिएको।

## मुद्दा शीर्षक – अपहरण, शरीर बन्धक बनाई जबरजस्ती करणी

मिति २०७९।०४।२९ गते बिहान अं ११.०० बजेको समयमा जिल्ला कपिलवस्तु कपिलवस्तु नगरपालिका वडा नं ७ बर्गदवा स्थित म जाहेरवाला नाम परिवर्तित ५१ च कपिलवस्तुको नाबालिका छोरी पिडित नाम परिवर्तित ५१ छ कपिलवस्तुलाई ऐ ऐ बस्ने बर्ष २८ को शत्रुहन पासीले ललाई फकाई प्रलोभनमा पारी अपहरण गरी शरिर बन्धक बनाई जवरजस्ती करणी गरेको भनि पिडित छोरीले बताएकी हुँदा निज शत्रुहन धोवीलाई पक्राउ गरी कानून बमोजिम गरी पाँउ भन्ने समेत व्यहोराको जाहेरवाला नाम परिवर्तित ५१ च कपिलवस्तुको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित कपिलबस्तु जिल्ला अदालतमा मिसिल पेश हुँदा सम्मानित कपिलवस्तु जिल्ला अदालतको मिति २०७९।०५।२६ गतेको आदेशले पक्राउ प्रतिवादी शत्रुहन धोवी पुर्पक्षको लागि थुनामा गएको।

## मुद्दा शीर्षक - धर्म परिवर्तिन गराउन नहुने

मिति २०७९।०५।०६ गते अं.१५:३० वजेको समयमा ललितपुर जिल्ला ल.पु.म.न.पा. वडा नं.४ जावलाखेल स्थित रहेको स्टिल टावर अगाडीवाट वर्ष १२ की ईभाना श्रेष्ठ समेतलाई मन्दिरा शाक्य समेतले ललाई फकाई करिव ५/१० मिनेटको लागि समय दिनुहोस्, तपाईहरूको लागि काम लाग्ने कुरा सिकाउँछौं भनी ऐ. स्टिल टावर स्थित पाँचौ तलामा रहेको चर्च अफ गड नामक चर्चमा लगी अं.१६:५० बजेसम्म क्रिष्चियन धर्म सम्वन्धी प्रचार प्रसार गरी बाईबलको बारेमा प्रवचन दिई उक्त धर्मको बारेमा प्रचार प्रसार गरी धर्म परिवर्तन गर्न उत्प्रेरित गरेको भन्ने जाहेरी प्राप्त भएकोमा प्रतिवादी मन्दिरा भन्ने मनदेवी शाक्यलाई पक्राउ गरी अनुसन्धान पश्चात पेश हुँदा मिति २०७९।०५।१९ गतेको आदेशानुसार रु.१ लाख धरौटी तिरी छुटेको।

## मुद्दा शीर्षक – मानव बेचबिखन तथा ओसारपसार र जबरजस्ती करणी

मिति २०७८।१२।०७ गते राती अन्दाजी २१:०० बजेको समयमा मेरी बहिनी वर्ष १४ की परिवर्तित नाम पशुपति झ-१ घरबाट हराएकीमा खोजतलासको क्रममा ईलाका प्रहरी कार्यालय, काँकटभिट्टाबाट फोन गरी बहिनीलाई भारतबाट उद्वार गरी ल्याएको भन्ने खबर पाई म गई बहिनीसँग बुझ्दा मलाई मिति २०७८।११।१५ गते २०;०० बजेको समयमा दिनेश विश्वकर्माले घर देखी माथी बाटोमा जबरजस्ती करणी गरेको र मिति २०७८।१२।०७ गते राती २१;०० बजेको समयमा दिनेश विश्वकर्माले हामी विवाह गरी भारत तर्फ जाने भनि मलाई लिई हिडेकोमा निजको घर पुगेपछि दिनेशको मामा सन्तोष विश्वकर्मा र आकृति श्रेष्ठ समेतको संलग्नतामा झापाको चारआली सम्म पुर्‍याई दिनेश विश्वकर्मा र सन्तोष विश्वकर्मा त्यहीबाट बेपत्ता भई मलाई बेचबिखनका लागि आकृति श्रेष्ठले मलाई काँकटभिट्टा हुँदै भारतको सिलगुडी पुर्‍याई के कहाँ लान ट्रेन चढाउन लाग्दा आफन्त नेपाल र सानाहातहरु नामक संस्थाले फेला पारी नेपालको ईलाका प्रहरी कार्यालय, काँकटभिट्टा सम्म ल्याएको भनी बहिनीले बताएकीले घटनामा संलग्न व्यक्तिलाई कानुन बमोजिम कारवाही गरिपाँउ भन्ने समेत व्यहोराको जाहेरी दरखास्त प्राप्त भएकोमा अनुसन्धान पश्चात सम्मानित अदालतमा मिसिल पेश हुँदा मिति २०७९।०५।२२ गतेको आदेशले प्रतिवादी आकृती श्रेष्ठको हकमा २,०००००।– (दुई लाख) धरौटी माग हुँदा उक्त धरौटी राख्न नसकी थुनामा गएको, ऐ.मितिको आदेशले प्रतिवादी दिनेश विश्वकर्मा भन्ने दिनेश ल्वगुन लाई थुनुवा पुर्जी दिई कारागार कार्यालय, ईलाम पठाएको, ऐ.ऐ. मितिको आदेशले प्रतिवादी सन्तोष विश्वकर्मा भन्ने सन्त बहादुर विश्वकर्मा साधारण तारेखमा छुटेको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।०५।०५ गते ०८:४५ बजेको समयमा जिल्ला नुवाकोट तादी गा.पा. वडा नं. ५ डुम्रे बस्ने बर्ष ५५ की दुर्गा न्यौपानेलाई ऐ.ऐ. बस्ने बर्ष अं.४६ को शम्भु तामाङ घरमा आई बिना कारण नगद रु. ५०० (पाँच सय) माग्दा नदिएको निउँमा घरमा रहेको हँसिया लिई लखेटी घर देखि अं.४०० मिटर पश्चिममा हँसियाले प्रहार गरी भागी फरार रहेको र निज दुर्गा तामाङको उपचारको क्रममा मृत्यु भएको भन्ने व्यहोराको सुचना प्रहरी कार्यालयमा प्राप्त भएकोमा अनुसन्धान सम्पन्न भएपश्चात सम्मानित नुवाकोट जिल्ला अदालतमा मुद्दा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०५।२९ गतेको आदेशले प्रतिवादी पुर्पक्षको लागि कारागार चलान भएको।

## मुद्दा शीर्षक – कर्तब्य ज्यान

मिति २०७९।०४।०५ गते अ. १६:४५ बजेको समयमा जिल्ला महोत्तरी पिपरा गा.पा.वडा नं. ०५ सहोडवा गाउँ जाने पक्की सडक देखि पुर्वमा रहेको बाबु साहेब झाको आपको बगैचामा प्रतिवादी रामनाथ दास कोदालि लिई खेत तिर गएको र ऐ.बस्ने वर्ष ६० को राम बहादुर दास बगैंचामा सुतिरहेको अवस्थामा प्रतिवादी रामनाथ दासले कोदालोको धारिलो भागले ३/४ पटक प्रहार गरी कर्तब्य गरी कोदालो नजिकै रहेको कुलोमा फालेको घटनामा अनुसन्धान प्रकृया पूरा गरी सम्मानित महोत्तरी जिल्ला अदालतमा पेश हुँदा सम्मानित अदालतको मिति २०७९।०४।३१ गतेको आदेशले निज प्रतिवादी रामनाथ दासलाई पुर्पक्षका लागि कारागार पठाईएको।

**"Say No To Drugs"**
-Nepal Police

# अपराध अनुसन्धान विभाग
# नागरिक सूचना इकाई द्वारा प्रकाशित
# मासिक ई-बुलेटिन

सत्य सेवा सुरक्षणम्


प्रहरी प्रधान कार्यालय
अपराध अनुसन्धान विभाग
नक्साल, काठमाडौ

E-mail: cicu@nepalpolice.gov.np, cidpiuphq@gmail.com Web: www.cid.nepalpolice.gov.np मोबाईल: ९८५१२९८१९८ फोन: ०१-४४१२७४८